<u>कार्यविवरण</u>

पद: सिभिल इन्जिनियर तह: अधिकृतस्तर छैठौं

कार्यालय :साँगुरीगढी गाउँ कार्यपालिका कार्यालय

स्वीकृत गर्ने : सुवास श्रेष्ठ शाखा: पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

क) योजना तर्जुमा सम्बन्धी कार्यहरु

१. गाउँपालिकाको समग्र भौतिक विकास सम्बन्धी नीति र मापदण्ड तर्जुमा गरि पेश गर्ने ।

२. गाउँपालिकाको विकास सम्बन्धी अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्न आवश्यक सहयोग पुर्याउने।

३. सहभागितामूलक वार्षिक योजना तर्जुमा सम्बन्धी कार्य गर्ने ।

४. योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने र कार्यान्वयन नीति तयार गरी पेश गर्ने ।

५. विकास योजनाहरुको तर्जुमा र कार्यान्वयनमा विभिन्न निकायहरुसँग समन्वय गर्ने ।

६. मर्मत सम्भार गर्नुपर्ने योजनाहरुको लागत अनुमान तयार गरी पेश गर्ने ।

७. जिल्ला दररेट समयमै संकलन गर्ने र गाउँपालिकाको स्थानीय दर रेट समयमा बनाई पेश गर्ने ।

८. निर्माण कार्यको नियमानुसार खरीद गुरु योजना र बार्षिक खरिद योजना तयार गरी स्वीकृतको लागि पेश गर्ने

९. सम्पन्न योजनाहरुको प्रगति प्रतिवेदन तयार गरी जाँचपास गर्ने व्यवस्था मिलाउने ।

१०. गाउँपालिकाले आफ्नो श्रोतबाट संचालन गर्न नसक्ने योजनाहरुको लागत अनुमान तथा परियोजना प्रस्ताव तयार गरी पेश गर्ने ।

११. योजनाहरु तर्जुमा र सन्चालन गर्दा वातावरणमैत्री, जलवायु परिवर्तन अनूकूलन, अपाङ्गता र लैङ्गिक मैत्री किसिमको हुने गरि व्यवस्था मिलाउने । वातावरण संरक्षण एवं हरियाली प्रवर्द्धनका कार्य गर्ने ।

ख) योजना संचालन मूल्यांकन तथा अनुगमन सम्बन्धी कार्यहरु

१२. वार्षिक स्वीकृत योजनाका आधारमा निर्माण भएको खरिद योजना अनुसार सबै आयोजनाको (वडा र पालिकास्तरका ) सर्वे, डिजाइन र लगत इष्टिमेट तयार गर्ने/गर्न लगाउने । सन्चालित र सम्पन्न आयोजनाहरुको अनुगमन, मूल्यांकन प्रतिवेदन तयार गरि पेश गर्ने

१३. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, तथा यातायात गुरुयोजना निर्माण सम्बन्धी नीति, कानूनी, मापदण्ड तथा नियमन सम्बन्धी कार्य गर्ने ।

१४. सम्झौता अनुसार निर्धारित समयभित्र आयोजना सम्पन्न गर्ने गराउने ।

१५. स्थलगत रुपमा खटिई वा खटाई प्रत्येक योजनाको मूल्यांकन रनिंग बिल र कार्य सम्पन्न प्रतिवेदन र एम.बि.तयार गर्ने/गर्न लगाउने ।

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer

१६. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ अनुसार उपभोक्ता समूह गठन गर्ने/गराउने ।

१७. निर्माण कार्यको गुणस्तर कायम गर्न आवश्यकता अनुसार प्रयोगशाला परिक्षण लगायतका काम गर्ने/गराउने

१८. साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन एवं लागत अनुमान तयार गर्ने/गर्न लगाउने ।

१९. सन्चालित र सम्पन्न भएका आयोजनाहरुको आयोजना खाता तयार गरि आयोजनाको विवरण र अभिलेख यथार्थ र दुरुस्त राख्ने/राख्न लगाउने ।

२०. विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सन्चालन र नियमन सम्बन्धी कार्य ।

२१. सडक बत्ती व्यवस्थापन, सोलार एवं सोलार सडक बत्ती व्यवस्थापन, सम्भाव्यता अध्ययन गर्ने ।

२२. सिंचाई तथा खानेपानी सम्बन्धी सम्भाव्यता अध्ययन, सर्वे, लागत अनुमान तयार गर्ने ।

२३. विपत् व्यवस्थापन, प्रतिकार्य योजना जस्ता कार्य गर्ने ।

२४. योजना समीक्षा सम्बन्धी कार्यका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरु तयार गर्ने ।

२५. नेपाल सरकार तथा प्रदेश सरकार तथा गाउँपालिकाको मापदण्डको आधारमा जग्गा प्लटिङ्ग कार्यको अनुमति, नियमन गर्ने गराउने ।

**ग) नक्सा पास सम्बन्धी कार्यहरु**

२६. नेपाल सरकारबाट स्वीकृत भएको भवन तथा नक्सा पास सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने गराउने

२७. नक्सा पासका लागि भवन तथा मापदण्ड कार्यान्वयन इकाईमा दर्ता भएका घर नक्साहरु मापदण्ड अनुसार छ छैन चेक गरी पेश गर्ने ।

२८. सुरक्षित र व्यवस्थित आवासका लागि आवधिक र दीर्घकालीन योजना तयार गर्ने ।

२९. गाउँपालिका भित्र कालिगढ, भवन निर्माणकर्मी, डिजाइनर र परामर्शदाताहरुका लागि भवन संहिता तथा भूकम्प प्रतिरोधि भवन निर्माण सम्वन्धि तालिमहरु संचालन गर्ने

३०. तालीम प्राप्त निर्माणकर्मीहरु लाई कार्यालयमा सूचिकृत गरी ईजाजत दिने व्यवस्था गर्ने ।

३१. गाउँपालिकाको भूउपयोग योजना तथा जग्गा विकास कार्यक्रम र मापदण्ड तयारी र कार्यान्वयन सम्वन्धि कार्य गर्ने ।

३२. प्रमुख प्रशासकिय अधिकृतले तोकेका वा अधिकार प्रत्यायोजन गरेका अन्य काम गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer